"आठबीस नगरको समुन्नतीको आधार शिक्षा, स्वास्थ्य,कृषि,पर्यटन र पुर्वाधार"

# आठबीस नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## राकमकर्णाली,दैलेख
## कर्णाली प्रदेश, नेपाल

प.सं.:२०८२/०८३
चलानी नं.:

**राष्ट्रिय दैनिक पत्रिकामा सूचना एंव विज्ञापन प्रकाशन गर्ने सम्वन्धी**
**सिलवन्दी दरभाउपत्र आव्हान गरिएको सूचना!**
(दोस्रो पटक सुचना प्रकाशित मितिः २०८२।०५।१०)

यस आठबीस नगरपालिकाको विभिन्न सूचनाहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नका लागि राष्ट्रियस्तरका दैनिक पत्रिकाहरु बीच प्रतिस्पर्धा गरी सबैभन्दा बढि छुट कबोल गर्ने वा न्युनतम दर कबोल गर्ने विज्ञापन एजेन्सीबाट सूचना प्रकाशनको कार्य गर्नुपर्ने भएकोले सो सम्वन्धी कार्य गर्नका लागि ईजाजत प्राप्त ईच्छुक विज्ञापन एजेन्सीले तपशिलको कागजपत्र सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सिलबन्दी दररेट पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

१. सिलवन्दी दरभाउपत्र साथ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, व्यवसाय दर्ताको प्रमाणपत्र प्रतिलिपि,आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,प्यान भ्याट दर्ता लगायतका अन्य आवश्यक कागजातहरु पेश गर्नुपर्नेछ।

२. सिलवन्दी दरभाउपत्र पेश गर्ने फर्म तथा व्यबसायीले दररेट प्रस्ताव फाराम (BOQ) यस कार्यालयको वेवसाइट www.aathabismun.gov.np बाट download गर्न सकिनेछ, BOQ साथ रु १,०००/- (अक्षरुपी एक हजार रुपैया मात्र) यस नगरपालिकाको आन्तरिक राजश्व खाता नं.०६३०१४००२५००८५ (नेपाल इन्भेष्टमेन्ट मेगा बैक लि.) मा दाखिला गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ र उक्त रकम फिर्ता हुने छैन।

३.नियमानुसार सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८२।०५।२४ गते) कार्यालय समयभित्र यस नगर कार्यपालिकको कार्यालयमा दररेट पेश गरी सक्नु पर्नेछ। यसरी दर्ता हुन आएका प्रस्तावपत्र १६ औं दिनको १:०० बजे प्रस्तावपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रस्तावपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभए पनि प्रस्तावपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

४.दररेट पेश गर्ने फर्म वा व्यवसायीले रु १,००,०००/-(अक्षरुपी एक लाख रुपैया मात्र) यस नगरपालिकाको धरौटी खाता नं. ०६३०१४००२५००३० (नेपाल इन्भेष्टमेन्ट मेगा बैक लि.) मा दाखिला गरेको सक्कल भौचर वा ७५ दिन मान्य अवधी भएको कार्यसम्पादन जमानत शिलवन्दी प्रस्ताव साथ पेश गर्नुपर्नेछ।

५.म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखि पेश भएको प्रस्तावहरु स्वीकृत गरिने छैन ।

६.प्रस्ताव पेश गर्ने फर्म तथा विज्ञापन एजेन्सीहरुले पेश गरेको दररेट मध्ये सबैभन्दा कम दररेट पेश गर्ने विज्ञापन एजेन्सीको दररेट स्वीकृत गरिनेछ ।अन्य अधिकार नगरपालिकामा निहित हुनेछ।

७.यस सूचनामा उल्लेखित शर्तहरु यसै वमोजिम र अन्य कुराहरु प्रचलित कानून वमोजिम हुनेछ।

..............................
(विनोद कुमार माझी)
प्रमुख प्रशासकीय अधिकृत

विनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

आठबीस नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राकमकर्णाली, दैलेख
कर्णाली प्रदेश, नेपाल

## बिल अफ क्वान्टिटिज(BOQ)

| सि.नं. | पत्रिकाको नाम/ठेगाना | प्रति सिसि मुल्य | छुट | | कै. |
|---|---|---|---|---|---|
| | | | प्रति सिसि प्रतिशत अंकमा | प्रतिशत अक्षरमा | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

नोट:प्रचलित नियमानुसार तेस्रो पक्ष बिल समेत पेश गरी बिल अफ क्वान्टिटिज (BOQ) मा सबैभन्दा बढि प्रतिशत छुट कबोल गर्ने एउटा मात्र मिडिया एजेन्सी र पत्रिकाको दरभाउ स्वीकृत गरिनेछ ।

पेश गर्नेको नाम:

ना.प्र.नं.:

आधिकारीक छाँप:

दस्तखत :

ठेगाना:

सम्पर्क नं:

बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner